नेपाल सरकार

रक्षा मन्त्रालय

प्रेस विज्ञप्ति

माननीय रक्षा मन्त्री ईश्वर पोखरेलज्यू संग नेपाल स्थित पाकिस्तानका राजदूत महामहिम साहिद खकन अव्वासी (Mr. Shahid Khaqan Abbasi) ले मिति २०७५।१।६ गते अपरान्ह रक्षा मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा महामहिम राजदूतले रक्षा मन्त्री माननीय ईश्वर पोखरेलज्यूलाई रक्षा मन्त्रालय जस्तो महत्वपुर्ण जिम्मेवारी सम्हाल्नु भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै मन्त्रीज्यूको कार्यकालको सफलताको कामना समेत व्यक्त गर्नु भयो ।

भेटका अवसरमा महामहिम राजदुतले नेपाल र पाकिस्तान वीचको सम्वन्ध अति घनिष्ठ एवं मजवुत रहेको र यस्तो सम्वन्ध र आपसी सहयोग आगामी दिनमा समेत निरन्तर रहिरहने विश्वास व्यक्त गर्नु भयो । नेपालमा हालै सम्पन्न विभिन्न तहको निर्वाचन सफलता पुर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै महामहिम राजदुतले आगामी दिनमा नेपालमा राजनैतिक स्थिरता हुने र निर्वाचन पछि गठित सरकारले नेपालमा शान्ति र समृद्धि कायम गर्ने कुरामा आफू र पाकिस्तान सरकार विश्वस्त रहेको विचार व्यक्त गर्नु भयो । त्यस्तै, नेपाल र पाकिस्तानवीच सैनिक सहयोगको आदान प्रदान भईरहेको र आगामी दिनमा यस प्रकारको सहकार्य निरन्तर रहिरहने विश्वास समेत व्यक्त गर्नु भयो । यसको लागि दुवै देशको उच्च स्तरीय भ्रमणले थप मद्दत हुने कुरा उल्लेख गर्नु भयो ।

सो अवसरमा माननीय रक्षा मन्त्रीज्यूले महामहिम राजदूतलाई शिष्टाचार भेटको लागि हार्दिक धन्यवाद व्यक्त गर्दै पाकिस्तान नेपालको पुरानो मित्र राष्ट्र भएको र नेपाल र पाकिस्तानवीचको सम्वन्ध दुवै देशका सैनिक वीच मात्र नभएर सरकार र जनता वीच समेत प्रगाढ रहेको कुरा व्यक्त गर्नु भयो । त्यस्तै, माननीय मन्त्रीज्यूले नेपाल र नेपाली जनताहरु भूकम्पबाट पीडित भएको अवस्थामा मित्र राष्ट्र पाकिस्तानले उपलब्ध गराएको राहत तथा उद्दार कार्य अति प्रशंसनीय रहेको कुरा व्यक्त गर्दै नेपाली जनता वाढीबाट पीडित भएको अवस्थामा पनि मित्र राष्ट्र पाकिस्तानबाट उपलब्ध आर्थिक सहयोगको स-हाहना समेत गर्नु भयो । साथै माननीय मन्त्रीज्यूले वर्तमान सरकार गठन पछि विकास र आर्थिक समृद्धिमा तीव्रता हासिल गर्न चाहेको कुरा व्यक्त गर्दै यस अभियानमा मित्र राष्ट्र पाकिस्तानको सहयोग र शुभेच्छा अपेक्षित रहेको कुरा व्यक्त गर्नु भयो । माननीय मन्त्रीज्यूले नेपाली सेनाको क्षमताको विकासको लागि पाकिस्तान सरकारले पु-याउदै आएको

सहयोग र सदभाव प्रति आभार प्रकट गर्दै पाकिस्तानको सैनिकहरुको लागि पनि नेपाली सेनाबाट आवश्यक सिप तथा तालिम प्रदान गर्दै आएको र यस प्रकारको तालिमको आदान प्रदानबाट दुवै मुलुकको सैनिक कौसलमा वृद्धि हुने विचार व्यक्त गर्नु भयो । साथै माननीय मन्त्रीज्यूले हालै सम्पन्न निर्वाचन पछि वर्तमान सरकार गठन पश्चात मित्रराष्ट्र पाकिस्तानका सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको केही समय अघिको भ्रमणले नेपाल र पाकिस्तानको सम्वन्ध अझ उचाईमा पुगेको विश्वास व्यक्त गर्नु भयो । त्यस्तै, छिट्टै नेपालबाट पाकिस्तानमा उच्च स्तरीय भ्रमण हुने र यसरी हुने उच्च स्तरिय भ्रमणबाट दुवै मुलुकको सम्वन्ध अझ सुदृढ हुने कुरा समेत व्यक्त गर्नु भयो । शिष्टाचार भेटमा रक्षा मन्त्रालयका सहसचिव श्री ऋषि राजभण्डारी समेतको उपस्थिति थियो ।

प्रवक्ता

**सिंहदरवार, काठमाडौ**
**२०७५।१।६**